विधेयक संख्या:

# नरहरिनाथ गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

२०७७

नरहरिनाथ गाउँसभा सचिवालय

नरहरिनाथ गाउँपालिका

कुमालगाउँ, कालिकोट

## नरहरीनाथ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** नरहरीनाथ गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम नरहरीनाथ गाउँ सभा/नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि नरहरीनाथ गाउँपालिकामा क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नरहरीनाथ गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नरहरीनाथ गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नरहरीनाथ गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नहरीनाथ गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नरहरीनाथ गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः नरहरीनाथ** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** नरहरीनाथ गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** नरहरीनाथ गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०.**बहाल बिटौरी शुल्कः** नरहरीनाथ गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११.**पार्किङ शुल्कः** नरहरीनाथ गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२.**ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** नरहरीनाथ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३.**सेवा शुल्क, दस्तुरः** नरहरीनाथ गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४.**पर्यटन शुल्कः** नरहरीनाथ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५.**कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नरहरीनाथ गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची-१
### (दफा २ संग सम्वन्धित)
### गाउँपालिकाले लगाउने एकीकृत सम्पति कर

| सि.नं. | करयोग्यएकीकृत सम्पतिको मूल्य | बार्षिक करको दर | कैफियत |
|---|---|---|---|
| १ | पाँचलाख रुपैया सम्मको मूल्याङ्कनमा | एकमुष्ठ रु ५०।- | |
| २ | पचास लाख रुपैयाँ सम्मको | प्रतिलाख रु १०।- | |
| ३ | पचास लाख एक रुपैंया देखि एक करोड रुपैयाँ सम्मको | प्रतिलाख रु २०।- | |
| ४ | एक करोड एक रुपैयाँ देखि दुइ करोड रुपैयाँ सम्मको | प्रतिलाख रु २५।- | |
| ५ | दूइ करोड एक रुपैँया देखि पाँच करोड रुपैयाँ सम्मको | प्रतिलाख रु ५०।- | |
| ६ | पाँच करोड भन्दामाथि | प्रतिलाख रु ५०।- | |

## अनुसूची-२
### (दफा ३ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने भूमीकर (मालपोत)

| क्र.सं. | जग्गाको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | |

## अनुसूची-३
### (दफा ४ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने घरबहाल कर

| क्र.सं. | घरको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | |

## अनुसूची-४
### (दफा ५ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने व्यवसायदर्ता शुल्क

**क) व्यवसायदर्ता तथा नवीकरण शुल्क**

| क्र.सं. | व्यवसायको प्रकार | दर्ता शुल्क | नवीकरण शुल्क |
|---|---|---|---|
| १ | चियानास्ता पसल | रु. २००।- | रु. १००।- |
| २ | खाना खाजा होटल | रु.५००।- | रु.२५०।- |
| ३ | खाद्य किराना पसल | रु. ५००।- | रु.२५०।- |
| ४ | काँचो कपडा पसल | रु.८००।- | रु.४००।- |
| ५ | फेन्सि पसल | रु.६००।- | रु. ३००।- |
| ६ | हार्डवेयर पसल | रु. १०००।- | रु.५००।- |
| ७ | भाँडा पसल | रु. ८००।- | रु.४००।- |
| ८ | औषधि पसल | रु.१०००।- | रु. ५००।- |
| ९ | एग्रोभेट पसल | रु. ५००।- | रु.२५०।- |
| १० | पशुपालन फर्म दर्ता | रु.१०००।- | रु.५००।- |
| ११ | राँगा भैंसी खरिद बिक्री प्रति जनावर | रु. १००।- | |
| १२ | मदिरा पसल | रु. ३०००।- | रु.१५००।- |
| १३ | कुखुरा पालनव्यवसाय | रु. ५००।- | रु. २५०।- |
| १४ | सुनचाँदीपसल | रु.१०००।- | रु. ५००।- |
| १५ | इलेक्ट्रोनिकपसल | रु. १०००।- | रु. ५००।- |
| १६ | घुम्ति व्यापारी (कपडा)प्रतिमहिना | रु.५००।- | |
| १७ | घुम्ति व्यापारी (भाँडा) प्रतिमहिना | रु.१०००।- | |
| १८ | अन्य | रु.३००।- | |

**ख) घरेलु तथा साना उद्योग दर्ता तथा नवीकरण शुल्क**

| क्र.स. | व्यवसाय, उद्योगको नाम | दर्ता शुल्क | नवीकरण शुल्क |
|---|---|---|---|
| १ | फर्निचर उद्योग | रु. २०००।- | रु. १०००।- |
| ३ | सप्लार्यस | रु. २०००।- | रु.१०००।- |
| ४ | इन्स्टिच्यूट | रु. १०००।- | रु. ५००।- |
| ५ | मासु विक्रि व्यवसाय | ५०० | २५० |
| ६ | चाउमिन उद्योग | १००० | ५०० |
| ७ | सिलाई कटाई व्यवसाय | ५०० | २५० |
| ८ | आरन व्यवसाय | २५० | ५० |
| ९ | अल्लो उद्योग | ५०० | २५० |
| १० | दालमोठ उद्योग | १०० | ५० |
| ११ | चिया मसला उद्योग | १०० | ५० |
| १२ | छापाखाना | १००० | ५०० |
| १३ | अन्य | रु. ५००।- | रु. २५०।- |
| १४ | सूचीकृत सिफारिस | ५०० | |
| १५ | गाडी सुचीकृत ( वार्षिक) | १०००० | ५००० |
| १६ | एक्साभेटर सूचीकृत ( वार्षिक) | २५००० | १५००० |
| १७ | अन्य सिफारिस | २५० | |
| १८ | घ वर्गको इजाजत पत्र | ५००० | २००० |

**अनुसूची-५**

**(दफा ६ संग सम्बन्धित)**

**गाउँपालिकाले लगाउने जडिबुटी, कवाडी, घुम्ति व्यापारी र जीवजन्तु कर**

| क्र.स. | करको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १ | चरिचरन (प्रतिजिवजन्तु प्रतिदिन)गा.पा भन्दा वाहिरका लागि मात्र मान्य हुनेछ । | रु. ५।- | |
| २ | बालुवा (प्रतिकट्ठा) | रु. ३।- | |
| ३ | सानो सतुवा | १००।- प्रति केजी | |
| ४ | वन लसुन | रु. २५०।- प्रति केजी | |
| ५ | पदमचाल्नु | रु. ३।- प्रति केजी | |
| ६ | तितो ( चिराइतो ) | रु. ५।- प्रति केजी | |
| ७ | कटुकी | रु. ६०।- प्रति केजी | |
| ८ | अत्तिस | रु. १५।- प्रति केजी | |
| ९ | निर्विसी | रु. ५।- प्रति केजी | |
| १० | भुल्ते ( जटामासी) | रु. ७५।- प्रति केजी | |
| ११ | सिमपाटी ( पाखनवेद) | रु. १।- प्रति केजी | |
| १२ | सुगन्धवाल | रु. १० प्रति केजी | |
| १३ | पडा खानी | रु. ५ प्रतिपडा | |
| १४ | टिमुर | रु. १५ प्रति केजी | |
| १५ | सतुवा ठुलो | रु. २५० प्रति केजी | |
| १६ | पदमचाल्नु | रु. २ प्रति केजी | |
| १७ | खिरौला ( सेतो चिनी) | रु. २० प्रति केजी | |
| १८ | टुन्ना ( काइकलो ) | रु. ५ प्रति केजी | |
| १९ | वन आलु | रु. २५ प्रति केजी | |
| २० | कमलवित्त | रु. २ प्रति केजी | |
| २१ | विषजरा | रु. ५ प्रति केजी | |
| २२ | लौंठ | रु. २ प्रति केजी | |
| २३ | लोक्ता ( वडु) | रु. १० प्रति केजी | |
| २४ | विषपेच( दाले) | रु. २ प्रति केजी | |

| | | | |
|---|---|---|---|
| २५ | सानो च्याउ | रु. २५ प्रति केजी | |
| २६ | ठुलो च्याउ | रु. २०० प्रति केजी | |
| २७ | गुच्ची च्याउ | रु. २०० प्रति केजी | |
| २८ | कुरिल्लो | रु. १५० प्रति केजी | |
| २९ | नुन ढिक्के | रु. १५ प्रति केजी | |
| ३० | गाउँपालिका स्काभेटर प्रयोग गरे वापत शुल्क ब्रेकर | रु. ४७५० प्रति घण्टा | |
| ३१ | गाउँपालिका स्काभेटर प्रयोग गरे वापत शुल्क वकेट | रु. ३७०० प्रति घण्टा | |
| | गाउँपालिका ड्रिलिङ मेशिन प्रयोग गरे वापत शुल्क | रु. ३५००० प्रति मिहिना | |

**अनुसूची-६**
**(दफा७ संग सम्बन्धित)**
**गाउँपालिकाले लगाउने सवारी साधन कर**

| क.सं. | सवारी साधनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

**अनुसूची -७**
**(दफा ८ संग सम्बन्धित)**
**गाउँपालिकाले लगाउने विज्ञापन कर**

| क.सं. | विज्ञापनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

**अनुसुची -८**
**(दफा ९ संग सम्बन्धित)**
**गाउँपालिकाले लगाउने मनोरञ्जन कर**

| क.सं. | मनोरञ्जनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

**अनुसूची - ९**
**(दफा १० संग सम्बन्धित)**
**गाउँपालिकाले लगाउने बहाल विटौरी शुल्क**

| क.सं. | बहाल विटौरीको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

**अनुसूची १०**
**(दफा ११ संग सम्बन्धित)**
**गाउँपालिकाले लगाउने पार्किङ शूल्क**

| क.सं. | सवारी साधनको प्रकार | पार्किङ शूल्कको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

**अनुसूची-११**
**(दफा ११ गि सम्बन्धित)**

**गाउँपालिकाले लगाउने ट्रेकिङ, कायाकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग,जिपफ्लायर र ऱ्याफ्टीङ शुल्क**

| क्र.सं. | ट्रेकिङ, कायाकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्गजिपफ्लायर र ऱ्याफ्टीङ प्रकार | शुल्कको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

**अनुसूची -१२**
**(दफा १३ संग सम्बन्धित)**
**गाउँपालिकाले लगाउने सेवाशुल्क, दस्तुर**

| क्र.सं. | सेवाको प्रकार | शुल्क, दस्तुरको दर | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक सिफारिस दस्तुर | रु. ५०।- | |
| २ | सम्पति मूल्यांकन सिफारिस (प्रतिहजार) | रु. ०.८०।- | |
| ३ | वस्तु तथा सेवा निकासी सिफारिस दस्तुर | रु. १००।- | |
| ४ | म्याद नाघी आएका पञ्जिकरण दस्तुर | रु. १००।- | |
| ५ | प्रतिलिपि पञ्जिकरण दस्तुर | रु. १००।- | |
| ६ | योजनाको भुक्तानी सिफारिस दस्तुर (प्रतिलाख) | रु. १०००।- | |
| ७ | थपकक्षा दस्तुर<br>क) आधारभूतविद्यालय<br>ख) माध्यमिकविद्यालय | <br>रु. १०००।-<br>रु. १५००।- | |
| ८ | नियूक्ति समर्थन (विद्यालय)<br>क) आधारभूततह<br>ख) माध्यामिकतह | <br>रु. ७००।-<br>रु. १०००।- | |
| ९ | करार कर्मचारी तथा शिक्षक नवीकरण शुल्क | | |
| | कार्यालय सहयोगी | १०० | |
| | खरिदार | २०० | |
| | सुब्बा | २५० | |
| | अधिकृत स्तर | ३०० | |

**अनुसूची - १३**
**(दफा १४ संग सम्बन्धित)**
**गाउँपालिकालेलगाउने पर्यटन शुल्क**

| क्र.सं. | पर्यटकको प्रकार | शुल्कको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

**नरहरिनाथ गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**कुमालगाउँ, कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**